नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# नौगाड गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः २ संख्याः २६ मितिः २०८०।०२।३१**

भाग — २

नौगाड गाउँपालिका सीप विकास तालिम केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९

कार्यपालिकाबाट पारित मितिः २०७९।०३।२८

प्रमाणीकरण मितिः २०७९।०३।२८

स्थानीय राजपत्रमा प्रकाशन मितिः २०८०।०२।३१

**प्रस्तावनाः**

नौगाड गाउँपालिका सुदूरपश्चिम प्रदेशको पिछडिएको तथा भौगोलिक रुपले बिकट क्षेत्रमा पर्ने गाउँ पालिका हो। गरिबी र रोजगारीको अभावले दैनिक घरव्यवहार चलाउन भारतमा गई मौसमी श्रमीक भई कार्य गर्नु यस क्षेत्रका जनताहरुको नियति नै हो, यस क्षेत्रका युवाहरुलाई सीप युक्त बनाई स्वरोजगारी तथा बैदेशिक रोजगारीको अवसरमा सृजना गरी गरिविको रेखामुनि रहेका जनताको जीवन स्तर उकास्न नौगाड गाउँपालिकामा व्यवसायीक सीप बिकास केन्द्रको स्थापना अपरिहार्य रहेको छ । नौगाड गाउँकार्यपालिकाको कार्यालयमा रहेका विभिन्न शाखाबाट सञ्चालन हुने सीपमूलक तालिम कार्यक्रमलाई प्रभावकारी मितव्ययी र गुणस्तरीय बनाउन स्पष्ट कार्यबिधि तय गर्नु वान्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा १ बमोजिम नौगाड गाउँकार्यपालिकाको मिति २०७९/०३/२८ मा "सीप बिकास तालिम केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९" स्वीकृत गरि लागु गरिएको छ ।



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## परिच्छेद - १

## प्रारम्भिक

१. (१) यस कार्यविधिको नाम **सीप विकास तालिम केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९** रहेको छ ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत गरेको मिति बाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, :

क) "तालिम केन्द्र": भन्नाले नौगाड गाउँपालिकामा स्थापना भएको सीप विकास तालिम केन्द्रलाई जनाउँदछ ।

ख) "अध्यक्ष" भन्नाले नौगाड गाउँ पालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

ग) "कार्यविधि" भन्नाले सीप विकास तालिम केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि२०७९ , लाई सम्झनु पर्दछ ।

घ) "गाउँपालिका" भन्नाले नौगाड गाउँपालिका लाई सम्झनु पर्दछ ।

ङ) "वडा अध्यक्ष" भन्नाले वडापालिकाको अध्यक्ष लाई सम्झनु पर्दछ ।

च) "समुदाय" भन्नाले टोल, गाउँ वा वस्तीस्तरमा बसोबास गर्ने व्यक्तिहरुको समूह वा समाजलाई सम्झनु पर्दछ ।

छ) "सभा" भन्नाले नौगाड गाउँपालिकाको गाउँसभालाई सम्झिनु पर्दछ ।

ज) "कार्यपालिका" भन्नाले नौगाड गाउँपालिकाको गाउँ कार्यपालिका लाई सम्झिनु पर्दछ ।

झ) "कार्यालय" भन्नाले नौगाड गाउँ कार्यपालिकाको कार्यालयलाई बुझाँउछ । यो शब्दले नौगाड गाउँपालिकाका वडा कार्यालयहरुलाई समेत बुझाँउदछ ।

ञ) "सार्वजनिक परीक्षण" भन्नाले सार्वजनिक परीक्षण कार्यविधि, २०६७ बमोजिम स्थानीय तहले सञ्चालन गर्ने कार्यक्रम वा आयोजनाको लक्ष्य, उदेश्य, बजेट तथा यसबाट प्राप्त नतिजा, उपलब्धी र खर्च आदीको बारेमा सरोकारवाला बीच जानकारी गराउने, लेखाजोखा गर्ने र मूल्यांकन गर्ने कार्य सम्झनु पर्दछ ।

ट) "रोजगार सेवा केन्द्र" भन्नाले रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा १० अनुसार गाउँपालिकामा सञ्चालन भएको तथा बेरोजगार व्यक्तिको सूचना संकलन, रोजगारीका अवसरहरुको पहिचान र सूचना प्रवाह, रोजगारदाताको लागि श्रमिक उपलब्धताको जानकारी र रोजगार सम्बन्धी अन्य सेवा प्रदान गर्न स्थापना भएको केन्द्र सम्झनुपर्छ ।



प्रमुख प्रशासकीय अधिकृत

ठ) "लक्षित समुह" भन्नाले विपन्न महिला, दलित, अपाङ्ग, द्वन्द्व पीडित व्यक्ति वा परिवार र सीप नभएका युवा समेतलाई जनाउँदछ ।

ड) "CTEVT" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद )Council for Technical Education and Vocational Training) सानोठिमी, भक्तपुरलाई जनाउँदछ ।

ढ) "व्यवसायिक तथा सीप विकास तालिम केन्द्र" भन्नाले व्यवसायिक तथा सीप विकास तालिम केन्द्र, भैंसेपाटी, ललितपुर लाई जनाउँदछ ।

३. **सीप विकास तालिम केन्द्र दिर्धकालिन सोच :** सीप मूलक तालिम सञ्चालन गरी सीप युक्त जनशक्ति तयार गर्नुको साथै स्वरोजगार एवं राष्ट्रिय तथा अन्तराष्ट्रिय श्रम बजारको माग अनुसार व्यवासायिक तथा सीप मूलक विभिन्न बिषयमा तालिम प्रदान गरि नौगाड गाउँपालिका भित्र रहेका वेरोजगार युवा जनशक्तिलाई रोजगारीको लागि सक्षम बनाई आय आर्जनको दायरालाई फराकिलो पारी यस क्षेत्रको आर्थिक र सामाजिक विकासको माध्यमबाट गरिवी निवारणको लागि सहयोग पुऱ्याउने ।

४. **सीप विकास तालिम केन्द्र लक्ष्यः** नौगाड गाउँपालिकामा रहेका बेरोजगार युवा तथा कोरा श्रम शक्तीलाई विभिन्न प्रकारका सीप मूलक तालिमहरु दिई दक्ष जनशक्ती तयार पार्ने ।

५. **सीप विकास तालिम केन्द्र उद्देश्यः**

यस तालिम केन्द्रका उद्देश्यहरु देहाय बमोजिम रहेका छन :

क) आर्थिक रुपमा कमजोर महिला तथा पुरुषलाई सीप विकास तालिम प्रदान गरी कृषिमा मात्र आधारित कोरा श्रम शक्तिलाई बैकल्पिक पेशामा स्थापित गरि स्वरोजगारका लागि सीपयुक्त श्रम शक्ति उत्पादन गर्ने ।

ख) तालिमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न तथा जनताका घर आंगनमा सेवा पुर्याउने उद्देश्यले गौगाड गाउँपालिकाका बिभिन्न शाखाहरु संग साझेदारी रुपमा कार्यक्रम सञ्चालन गर्ने ।

ग) दलित, सिमान्तकृत वर्ग, उत्पीडित, द्वन्दपीडित, आदिवाशी जनजाती तथा अति पिछडिएको बर्गलाई तालिममा समावेश गरि उनीहरुको जीवन स्तर उठाउन सहयोग पुर्याउने ।

६. **सीप विकास तालिम केन्द्रको रणनीति :** यस केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्न निम्नानुसारका रणनीतिहरु लिइनेछ :

क) सीपमूलक तालिम मार्फत बजारको माग अनुरुपको श्रमशक्ति विकास र आपूर्ति गर्ने ।



प्रमुख प्रशासकीय अधिकृत

ख) तालिम, सूचना तथा परामर्श र वित्तिय सहयोग मार्फत रोजगार तथा स्वरोजगारका अवसरहरुको सृजना गर्ने ।

ग) रोजगरी सृजनामा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य गर्ने ।

घ) रोजगार सेवा केन्द्रले रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरेका बेरोजगार व्यक्तिको प्रामिकताक्रमको सूचीका आधारमा परिक्षार्थी छनौट गर्ने ।

ङ) छोटो अवधिका सीपमूलक तालिम सञ्चालन गरि युवाहरुलाई स्थानीय तहमै रोजगारी तथा स्वरोजगारी सृजना गर्ने ।

च) कुनै संघ संस्था वा समुहबाट कागत समेत व्यहोर्ने गरी सीप विकासको लागि तालिम अनुरोध भएमा यस तालिम केन्द्रले आवश्यक सहयोग प्रदान गर्नेछ ।

## परिच्छेद - २
## मानव संसाधन तथा भवन व्यवस्थापन

**७. सीप बिकास तालिम केन्द्रमा मानव संसाधन तथा सञ्चालन सम्बन्धि व्यवस्थाः**

क) नौगाड गाउँपालिकाको कार्यालयमा सीप बिकास तालिम केन्द्र स्थापना हुनेछ, तालिम केन्द्रको व्यवस्थापन रोजगार सेवा केन्द्रले गर्नेछ।

ख) नौगाड गाउँपालिकाको क्षेत्राधिकार भित्र व्यवसायिक सीप बिकास तालिम केन्द्रको आफ्नै भवन तथा कार्यालय निर्माण गरिनेछ ।

ग) यो तालिम केन्द्र सञ्चालनका लागि आवश्यक्ता अनुसार १ जना पाचौं तहको तालिम केन्द्र व्यवस्थापक तथा तालिम समयाअवधिका सम्मकालागि प्रशिक्षक (Roster) करारमा राखिने छ ।

घ) तालिम केन्द्रमा आवश्यक कर्मचारी नियुक्त गर्न नौगाड गाउँपालिकाले लागु गरेको करार कर्मचारी व्यवस्थापन कार्यविधि अनुरुप खुला प्रतिस्पर्धा बाट नियुक्ती गरिनेछ ।

ङ) तालिम केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक बजेट प्रस्तावित तालिमहरुको पूर्ण लागत अनुमान तथा तालिम केन्द्र सञ्चालन खर्च सहित तालिम केन्द्रले प्रर्वद्धन समिति समक्ष पेश गर्नुपर्नेछ, समितिले स्वीकृतिका लागि गाउँकार्यपालिका समक्ष पेस गर्नेछ ।



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## परिच्छेद - ३
## तालिम आवश्यकताको पहिचान

**८. तालिम कार्यक्रमहरुको पहिचान तथा सर्भेक्षणः**

१. घरेलु तथा बिश्व बजारको माग तथा तत्काल स्वरोजगारको अवसर भएका तालिमको बिषयहरुलाई कार्यक्रमको रुपमा तर्जुमा गरिनेछ ।

२. तालिम कार्यक्रम तर्जुमा गर्न श्रम बजारको माग बिश्लेषण, अन्वेषण तथा अध्ययनकालागि समय समयमा विशेषज्ञहरुको सेवा उपयोग गरिनेछ ।

३. स्थानीय स्तरबाट माग भै आएका कार्यक्रम सम्बन्धमा कार्यक्रमको आवश्यकता, सम्भाव्यता तथा उधोग तथा रोजगारीको सम्भावना, स्वरोजगारी तथा बैदेशिक रोजगारीको हिसावले उपयुक्त भए नभएको तालिम केन्द्रले आवश्यक अध्ययन गरि सुचाना संकलन गर्नेछ ।

४. तालिम आवश्यकता अध्ययन गर्दा स्थानीय परम्परागत सीपको प्रवध्दर्न एंव प्रयोग, उधोग व्यवसायको बर्तमान स्थिति, स्वदेशिक श्रम वजारको माग र रोजगारीको सम्भावना, स्थानीय कच्चा पदार्थको उपलब्धता, उत्पादित वस्तुको तथा सेवाको बजार, स्वरोजगारीको संम्भावना आदी बिषयहरु समेटिनेछ ।

५. रोजगार सेवा केन्द्र, वित्तिय संस्थाहरु, पालिकामा रहेका उधम शाखा, महिला तथा बालबालिका बिकास शाखा, वडा कार्यालय, गैर करकारी संस्थाहरु, सहकारी संस्थाहरु, स्थानीय रोजगारदाता सिफारिस भएका विषयहरुको लागत राखिनेछन ।

६. बैदेशिक रोजगारीबाट फर्केका युवाहरुको समेत लागत राखि उनिहरुले सिकेको सीपको उपयोग तथा तालिमको बिषयमा समेटिनेछ ।

७. वडा कार्यालयले सिफारिस गरेको सीपलाई आवश्यकताका आधारमा तालिम केन्द्रले कार्यपालिका समक्ष पेश गर्नेछ ।



प्रमुख प्रशासकीय अधिकृत

गौंगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## परिच्छेद - ४

## सीप बिकास तालिमको प्रकार

९. **सीप बिकास तालिमको प्रकार** : स्थानीय माग, आवश्यकता तथा बजार सम्भाव्यतालाई ध्यानमा राखी निम्नानुसार तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

**१) युवा स्वरोजगार तालिम (आधारभुत) बेसिक**

युवा स्वरोजगार तालिम (आधारभूत) बेसिक तालिम डकर्मी, सिकर्मी, विद्युत जडान, मोवाईल मर्मत, हाते कडाई (इम्ब्रोडरी), केश श्रृगार, सिलाई कटाई, होजियारी, प्लम्बीङ्ग, ग्याबिन बुनकर (तारजाली बुनकर), वेतबाँस/निगालोका सामाग्री उत्पादन तालिम, खेलौना बनाउने तालिम आदि जस्ता विषयका युवा स्वरोजगार तालिम सञ्चालन गरिनेछ।

**२) परम्परागत अल्पकालिन तालिम**

परम्परागत अल्पकालिन तालिम चिउरी हर्बल साबुनबनुने तालिम, अल्लो प्रशोधन तथा थान कपडा बनाउने तालिम, मोट्टा बान्ने तालिम, आधुनिक कृषि औजार बानउने तालिम, अचार बनाउने तालिम, पुलुम प्रशोधन तथा जाम बनाउने तालिम आदि जस्ता विषयका परम्परागअल्पकालिन तालिम सञ्चालन गर्न सकिने छ ।

३) **बस्तुगत सहायताः** यस तालिम केन्द्रद्वारा संचालित तालिम प्राप्त गरेर सम्वन्धित बिषयको व्यवसाय गरि रहेका प्रशिक्षार्थीहरुबाट प्रत्येक तालिमबाट उत्कृष्ट एक जनालाई छनौट गरी बस्तुगत तथा आर्थिक सहायता प्रदान गर्ने गरिनेछ।



प्रमुख प्रशासकीय अधिकृत

हेपरीगाड, दार्चुला,
सुदूरपश्चिम प्रदेश, नेपाल

## परिच्छेद - ५
## तालिमको बिषय निर्धारण तथा पाठ्यक्रम सम्बन्धी व्यवस्था

**१०. तालिम बिषयको छनौट :**

१) तालिम केन्द्रले तालिमको प्रभावकारीता अभिवृध्दि हुनेगरी तालिमको उपयुक्त बिषय छनौट गर्नु पर्नेछ ।

२) वार्षिक कार्यक्रम प्रस्ताव गर्दाकै वखत कुन कुन तालिम कति जनालाई कहाँ र कुन तरिकाबाट दिने हो पुष्ट्याई र कार्ययोजना सहित तालिम केन्द्रले प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिका प्रस्तुत गर्नु पर्नेछ ।

३) स्वीकृत वार्षिक कार्यक्रम र बजेट प्राप्त हुनासाथ तालिम कार्यक्रमको स्वीकृत संख्या अनुसार कार्य योजना र पुष्ट्याईका आधारमा चालु आ.व भरिमा सञ्चालन गरिने तालिमका बिषयहरु छनौट गरी सुची तयार गर्नुपर्नेछ ।

४) यसरी तालिमको बिषय छनौट गर्दा निम्न आधारहरु ध्यान दिनु पर्छ :

क) स्थानीय स्तरमा संचालित लघु, घरेलु तथा साना उधोग\व्यवसाय स्थापना तथा प्रवर्ध्दनमा सघाउ पुर्याउने बिषयहरु।

ख) स्थानीय स्तरमा उपलव्ध कच्चा पदार्थको व्याबसायिक उपयोग हुने बिषयहरू ।

ग) तालिम वजार माग अध्ययनबाट सिफारीस गरिएका संभाव्य विषयहरु ।

घ) स्वदेशी तथा वैदेशिक रोजगारीको दृष्टिकोणले उपयोगी देखिएका बिषयहरु ।

ङ) रोजगारी प्राप्ती तथा स्वरोजगारी सृजना गर्न संभाव्य देखिएका बजारमुखि बिषयहरु ।

च) निर्यात प्रबर्ध्दन तथा आयात प्रतिस्थापन गर्न सघाउ पुर्याउने बिषयहरु ।

छ) तालिमका बिषय **अनुसूची-१** मा उल्लेख भएबमोजिम हुनेछ ।

**११. पाठ्यक्रम सम्बन्धी व्यवस्था :**

१. सबै सीपमूलक तालिम निर्धारित पाठ्यक्रम अनुसार सञ्चालन हुनेछन ।

२. तालिम केन्द्रले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद )Council for Technical Education and Vocational Training) सानोठिमी, भक्तपुर



प्रमुख प्रशासकीय अधिकृत

तथा व्यावसायिक सीप बिकास प्रतिष्ठान भैसेपाठी, ललितपुरले स्वीकृत गरेको पाठ्यक्रमका आधारमा तालिम सञ्चान गर्नेछ।

३. परम्परागत अल्पकालिन तालिम पाठ्यक्रम तयार नभएको अवस्थामा पाठ्यक्रम निर्माण र परिमार्जन देहाय बमोजिमको पाठ्यक्रम निर्माण तथा परिमार्जन समिति रहनेछ :

| | | |
|---|---|---|
| क) | प्रमुख प्रशाशकीय अधिकृत | संयोजक |
| ख) | सम्बन्धीत सीपको विज्ञ प्रतिनिधि | सदस्य |
| ग) | उद्यम विकास तथा वाणिज्य साखा शाखा प्रमुख प्रतिनिधि | सदस्य |
| घ) | शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | सदस्य |
| ङ) | रोजगार संयोजक | सदस्य सचिव |

४. कुनै पनि पाठ्यक्रमको मस्यौदा तयार गर्ने जनशक्ति पालिकामा नभएमा सार्वजनिक खरिद ऐन तथा नियमावली र प्रचलित कानुनको प्रकृया अनुसार परामर्श सेवा लिई गर्न सकिनेछ ।

## परिच्छेद - ६
## प्रशिक्षार्थी छनौट तथा प्रशिक्षण विधि

**१२. प्रशिक्षार्थी संख्या तथा समुह निर्धारण :**

१) उपलब्ध स्रोत साधन, मेसिन औजार् कच्चापदार्थ, लक्षित समुह, प्रशिक्षक उपलव्धता तालिमको व्यवस्थापनमा सहजता आदी पक्षलाई हेरी संख्या निर्धारण गरिनेछ ।

२) सामान्यतया प्राविधिक बिषयहरुमा प्रशिक्षार्थी र प्रशिक्षकको संख्या २०:१ रहने गरी तालिमको समूह निर्माण गरिनेछ, अन्य बिषयमा २० देखि माथि उपयुक्त संख्यामा प्रशिक्षार्थी रहने गरी समूह निर्माण गरेर तालिम सञ्चालन गर्न बाधा प्रर्नेछैन ।

**१३. प्रशिक्षार्थीमा हुनुपर्ने योग्यता :**

१) आधारभूत तालिमको हकमा १८ वर्ष उमेर पुरा भई ३० वर्ष उमेर ननाघेको नेपाली नागरीक हुनुपर्नेछ, उमेरको हद एकल महिला, अपाङ्ग तथा दृन्द पीडित व्यक्तिको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ ।



प्रमुख प्रशासकीय अधिकृत

२) आवश्यक शैक्षिक योग्यता : पाठ्यक्रममा तोकिएको बमोजिम हुनेगरी कम्तिमा ८ कक्षा देखी १२ कक्षा उर्तिण तर सिलाई बुनाई, केश कर्तन, घर निर्माण, काठ बाँस तथा धातुमा आधारित सामाग्रीको निर्माण, प्रशोधन तथा प्याकेजिङ्ग जस्ता प्रशिक्षणका लागि साधारण लेखपढ गर्ने व्यक्तिलाई तालिममा सहभागि गराईनेछ ।

## १४. छनौट प्रकृया :

१) तालिम केन्द्रबाट सञ्चालन हुने तालिममा सहभागीता गराउन तालिम सम्बन्धि विस्तृत विवरण सहित कम्तिमा १५ दिने अघि सार्वजनिक सूचना प्रकाशन गरी इच्छुक प्रशिक्षार्थीहरुलाई निवेदनका लागि सूचित गरिनेछ । यस्तो सूचना नौगाड गाउँपालिकाको वेवसाइटमा समेत प्रकाशन गरिनेछ । निवेदन अनुसूची-२ बमोजिम ढाँचामा पेश गर्नुपर्नेछ । आवेदन स्थायी बसोबस गरेको वडा कार्यालयमा बुझाउनु पर्नेछ र वडा कार्यालयले ५ दिन भित्र तालिम केन्द्र पठाउने व्यवस्था गर्नुपर्नेछ ।

२) प्रधानमत्री रोजगार कार्यक्रम संग साझेदार गरिने तालिमको हकमा प्रशिक्षार्थी अनिवार्य रुपमा रोजगार केन्द्रमा सूचीकृत भएको हुनुपर्नेछ ।

३) प्रशिक्षार्थी छनौट समिति :

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| ख) उद्यम विकास तथा वाणिज्य साखा शाखा प्रमुख प्रतिनिधि | सदस्य |
| ग) रोजगार संयोजक | सदस्य सचिव |

४) तालिममा छनौट भै सहभागी भएका प्रशिक्षार्थी न्यूनतम नब्बे प्रतिशत (९०%) रुजु हाजिर भएको हुनुपर्नेछ । सो अनुसार हाजिर नपुग्ने प्रशिक्षार्थीलाई तालिमबाट हटाईनेछ । यसरी हटेका प्रशिक्षार्थीहरुले खाजा खर्च तथा तालिम सम्पन्न गरेको प्रमाणपत्र पाउने छैनन् ।

५) सबै सीमूलक तालिमको समय दैनिक कम्तिमा छ (६) घण्टा र साप्ताहिक ३४ घण्टाको हुनेछ ।

६) तालिम सञ्चालन गर्ने प्रशिक्षकले सप्ताहिक तथा मासिक कार्यतालिका (पाठ्ययोजना) बनाई प्रशिक्षार्थीलाई अग्रिम जानकारी गराउनुपर्नेछ । सो को जानकारी तालिम केन्द्रलाई समेत जानकारी गर्नुपर्नेछ ।

७) सार्वजनिक विदा बाहेक अन्य दिनमा कुनै खास आकस्मिक कारण परी तालिम सञ्चालन हुन नसकेमा सो को सट्टा अर्को दिन सञ्चालन गरिनेछ ।



प्रमुख प्रशासकीय अधिकृत

८) सामान्यतया तालिम दिउँसो सञ्चालन गरिनेछ तर आवश्यकता अनुसार तालिम प्रकृति हेरी उपयुक्त देखिएमा सम्बन्धित सबैसंग समन्वय गरी अन्य समयमा पनि तालिम सञ्चालन गर्न सकिनेछ ।

९) तालिमको अन्तिम चरणमा तालिमको विषय हेरी लिखित वा प्रयोगात्मक वा दुवै परीक्षा लिएर तालिमको गुणस्तर मूल्याङ्कन गरिनेछ । प्रशिक्षकले सोको मूल्याङ्कन गरी प्रतिवेदन सहित पेश गर्नुपर्नेछ ।

१०) प्रत्येक तालिम सम्पन्न भएपछि सोको प्रतिवेदन तयार गरिनेछ । आर्थिक वर्ष समाप्त भएपछि तालिम केन्द्रले सबै तालिम कार्यक्रमको एकमुष्ट प्रतिवेदन तयार गरी कार्यापालिका समक्ष पेश गर्नु पर्नेछ ।

११) तालिम सम्पन्न भएपछि सहभागी प्रशिक्षार्थीहरुलाई अनुसूची-३ को ढाँचामा तालिम प्रमाणपत्र दिइनेछ ।

१२) आधाभूत तालिम सम्पन्न भएपछि प्रशिक्षार्थीलाई तालिम केन्द्रले सम्बद्ध निकायहरु संग समन्वय गरी सीप परीक्षणको व्यवस्था मिलाउनु पर्नेछ ।

१३) तालिम कार्यक्रम सम्पन्न भएपछि तालिम केन्द्रले सोको प्रतिवेदन अनुसूची-५ बमोजिम तालिम सम्पन्न प्रतिवेदन तयार पारी प्रमुख प्रशासकीय समक्ष स्वीकृत गरि तालिम केन्द्र प्रवर्धदन समिति समक्ष पेश गर्नु पर्नेछ ।



प्रमुख प्रशासकीय अधिकृत

बौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## परिच्छेद - ७

## तालिममा उत्पादित समानहरुको व्यवस्थापन तथा मूल्याङ्कन, प्रशिक्षकको योग्यता, पारिश्रमिक र सुविधा

**१५. तालिममा उत्पादित सामानको व्यवस्थापन :**

१) तालिम कार्यक्रम अन्तरगत उत्पादित समानहरुको छुट्टै जिन्सी खाता राखी आम्दानी, विक्रि परिमाण र विक्रिवाट प्राप्त रकम राजश्व दाखिला गरेको अभिलेख देखिने गरी जिन्सी व्यवस्थापनको प्रकृया अनुसार दाखिला गर्नुपर्नेछ ।

२) तालिमको क्रममा उत्पादित समानहरुको मूल्यांकन एवं विक्री मूल्य निर्धारण गरी विक्री गरी प्राप्त रकम नेपाल सरकारको सम्वन्धित राजश्व खातामा दाखिला गर्नुपर्नेछ ।

३) उत्पादित समानहरुको मूल्यांकन गर्नको लागि निम्नानुसारको एक मूल्यांकन समिति रहनेछः

| | | |
|---|---|---|
| क) | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| ख) | आर्थिक तथा प्रशासनीक शाखा | सदस्य |
| ग) | उद्यम विकास तथा वाणिज्य शाखा प्रमुख प्रतिनिधि | सदस्य |
| घ) | उद्योग वाणिज्य संघको प्रतिनिधि | सदस्य |
| ङ) | तालिम प्रशिक्षक | सदस्य |
| च) | रोजगार संयोजक | सदस्य सचिव |

४) तालिम सञ्चालन क्रममा प्रशिक्षार्थीबाट उत्पादित समानको गुणस्तर राम्रो नहुन सक्ने भै लागतको अधारमा मूल्याङ्कीत रकममा बिक्रि हुन नसक्ने देखिएमा सोको परलमोल पुष्ट्याई सहित मूल्याङ्कन समितिले ठहर गरे बमोजिम परलमूल्यको पच्चिस प्रतिशत सम्म मुल्य कम गरी विक्री मुल्य कायम गर्न सकिनेछ ।

५) मूल्यांकन गर्दा बस्तु उत्पादन गर्न खरिद भएको कच्चामालको खर्चलाई मात्र आधार मानिनेछ।



प्रमुख प्रशासकीय अधिकृत

६) उत्पादन गरेको मितिले ६ महिनासम्म पनि उत्पादित सामानहरु विक्री हुन नसकेमा मूल्यांकन समितिको सिफारिसमा केन्द्र प्रमुखले शुरु परलमोलमा पुनः पच्चिस प्रतिशत सम्म कम गरी विक्री मूल्य कायम गरी उत्पादित सामानहरु विक्री गर्न सकिनेछ ।

७) कार्यालय प्रयोजनका लागि प्रयोग गर्न सकिने सामग्रीहरु को हकमा (फर्निचर आदि) सार्वजनिक पर्वहरुमा, प्रशिक्षण कार्यमा तथा कार्यालय सरसफाई प्रयोजनमा प्रयोग गर्ने र सोको अभिलेख जिन्सी खातामा राख्नुपर्ने छ । कार्यालयमा प्रयोग गर्नुपर्ने खर्च भएर नजाने सामान भए प्रयोग गर्ने व्यवस्था मिलाउन सकिनेछ ।

८) रोजगार सेवा केन्द्र र तालिम केन्द्रको साझेदारीमा सञ्चालन भएको तालिम बाट उत्पादित निर्माण समाग्रीहरु रोजगार सेवाका आयोजनाहरुमा प्रयोग गर्न सकिनेछ ।

९) उत्पादित सामानहरुको कम गुणस्तर तथा अन्य कारणले उपदफा (१), (४( र (६) बमोजिम परलमोलमा मूल्य घटाउंदा पनि विक्री हुन नसकेमा गाउँकार्यपालिका बाट स्वीकृत लिई देहाय बमोजिम गर्नुपर्नेछ :

क) सिलाइ बुनाई तथा हाते बुनाई होजियारी, इम्ब्राइडरी तयारी पोशाक जस्ता तालिमबाट उत्पादित सामानहरु मूल्य कम गरेको छ महिनासम्म पनि विक्री हुन नसकेका सामानहरु स्थानीय सरकारबाट गठित बिपद व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी, स्थानीय क्लब जस्ता संस्थाहरुबाट मनासिब आधार खुलाई माग भएमा निःशुल्क रुपमा वितरण गर्ने गरी ती संस्थाहरुलाई हस्तान्तरण गर्ने र जिन्सी अभिलेखबाट लगत कट्टा गर्नेसकिनेछ ।

ख) एकवर्ष सम्म पनि वि रुमाथिका प्रकृयाबाट उत्पादित सामानहक्री हुन नसकेमा लगत कट्टा वाही गरीबमोजिम मिनाहा सम्बन्धी कार कार्यविधि नियमावलीआर्थिक गर्नुपर्नेछ।



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**१६. प्रशिक्षकको योग्यता, पारिश्रमिक र सुविधा :**

१) सामान्यतया २० जना प्रशिक्षार्थीको लागि एकजना प्रशिक्षक रहनेछ अर्थात प्रशिक्षार्थी र प्रशिक्षकको अनुपात २०:१ रहनेछ ।

२) तालिम केन्द्रले प्रशिक्षकहरुको विषयगत रोष्टर तयार गरी विवरण अध्यावधिक गर्नुपर्नेछ ।

३) सामान्यतया प्रशिक्षकको व्यवस्था :तथा योग्यता देहाय अनुसार हुनेछ :

क) उपलब्ध भएसम्म स्थानीय प्रशिक्षकलाई नै प्रशिक्षकको रुपमा खटाउने व्यवस्था गरिनेछ । स्थानीय स्तरमा प्रशिक्षक उपलब्ध नभएको अवस्थामा बाहिर बाट समेत प्रशिक्षकको व्यबस्था गरी तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

ख) तालिम केन्द्रले सुरुवाति चरणमा आधारभूत तालिम (Level-1) सञ्चालन गर्ने भएकाले प्रशिक्षकको शैक्षिक योग्यता मान्यता प्राप्त शिक्षण संस्थावाट सम्बन्धित विषयमा एस गरी .सी.एल.वा स्वीकृत प्राप्त संस्थावाट सम्वन्धित विषयमा एकवर्षको तालिम प्राप्त वा सम्वन्धित कामको १ वर्षको अनुभव भई सम्बन्धित सीपमा दुई तह (Level-2) को सीप परीक्षण पास भएको वा सो पेसामा ५ वर्षदेखि संलग्न भई अनुभव प्राप्त गरेको ।

ग) परम्मपरागत तालिमको हकमा सम्वन्धित विषयमा कम्तीमा ६ महिनाको तालिम प्राप्त गरी परम्परागत सीप र प्रविधि भई न्यूनतम एक वर्ष अवधिसम्म उद्योग व्यवसाय दर्ता गरी व्यवसाय गरी बसेको अनुभव वा सम्बन्धित सीपमा एक तह (Level-1) को सीप परीक्षण पास भएको वा सो पेसामा ३ वर्षदेखि संलग्न भई अनुभव प्राप्त गरेको ।

**१७. प्रशिक्षकको पारिश्रमिक तथा सुविधा :**

१) दफा (१६) को उपदफा (२) को (ख) बमोजिमका प्रशिक्षकरुको हकमा दैनिक पारिश्रमिक रु. १८००(अक्षेरुपी एकहजार आठसय रुपैया) हुनेछ र दफा (१६) को उपदफा (२) को (ग) बमोजिमका प्रशिक्षकरुको हकमा दैनिक पारिश्रमिक रु.१५०० (अक्षेरुपी एकहजार पाचँसय रुपैया) हुनेछ ।



प्रमुख प्रशासकीय अधिकृत

२) स्थानीय तहमा उपलब्ध नभएका तालिम प्रशिक्षकको हकमा प्रचलित यातायात भाडा दरका आधारमा आतेजाते खर्च र तालिम अवधि भर बस्ने तथा खानाको व्यवस्था तालिम केन्द्रले गर्नेछ ।

## परिच्छेद - ८
## तालिम खर्च सम्बन्धी व्यवस्था

**१८. लागत अनुमान तयार गर्ने :**

१) कुनै पनि तालिममा लाग्ने आवश्यक कच्चा पदार्थ, मेशिन औजार र उपकरण आदि स्वीकृत पाठ्यक्रमको मापदण्ड तथा सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्नेछ । लागत अनुमान गर्ने फाराम **अनुसूची—४** मा भएको तालिमको अनुमानित खर्च (लागत अनुमान) विवरण फाराम अनुसार हुनेछ ।

२) प्रशिक्षकलाई भुक्तानी गर्ने सेवा शुल्क, तालिम सञ्चालनको लागि कर्मचारीलाई दैनिक भत्ता पाउने स्थानमा खटाउदा पाउने दैनिक भ्रमण भत्ता, प्रशिक्षार्थीलाई यस कार्यविधि वमोजिम उपलव्ध गराउने सेवा सुविधा, आवश्यक तालिम सामग्री, हल भाडा, तालिम संग सम्वन्धित (मेशिन औजार, फर्निचर, भवन, सवारी साधन जस्ता पूँजिगत समानको खरिद वाहेक) सम्पुर्ण खर्च समावेश गरी सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार लागत अनुमान तयार गरी स्वीकृत भएपछि मात्र तालिम केन्द्रले तालिम सञ्चालन गर्नु पर्नेछ ।

**१९. वार्षिक कार्य योजना बनाउनु पर्ने :**

१) सीप विकास तालिमको वार्षिक कार्यक्रम तयार गर्दा आर्थिक कार्यविधि ऐन नियम तथा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अनुसार तालिमका विषय, लक्ष्य, लाग्ने अवधि, सञ्चालन हुने स्थान, कच्चा पदार्थ, तालिम उपकरण एवं जनशक्ति र तालिम केन्द्रमा भएको श्रोत साधन आदि स्पष्ट देखिने गरी वार्षिक खरिद योजना बनाई कार्यक्रम साथ संलग्न राख्नु पर्नेछ । तालिम केन्द्रले प्रस्तुत गरेको कार्यक्रममा उपरोक्त अनुसारको कार्य योजना छ/छैन हेरी नभएको अवस्थामा पुनः माग गरी कार्य योजना सहित कार्यपालिकामा स्वीकृतिका लागि पठाउनु पर्नेछ । स्वीकृति पछि बजेटको परिधि भित्र रही तालिम केन्द्रले वार्षिक खरिद योजनामा सामान्य परिमार्जन गर्न सक्नेछन् ।



प्रमुख प्रशासकीय अधिकृत

२)  वार्षिक कार्ययोजना बजेट तथा कार्यक्रम स्वीकृत भएपछि सो अनुरुप हुने गरी तालिम केन्द्रले खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार वार्षिक खरिद योजनामा आवश्यक हेरफेर सहित स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

**२०. खाजा खर्च :**

१)  यस निर्देशिका बमोजिम छनौट भै तालिममा सहभागी हुने प्रशिक्षार्थीहरुलाई तालिम सम्पन्न भए पछि उपस्थितिको आधारमा खाजा खर्च भुक्तानी दिइनेछ ।

२)  रोजगार सेवा केन्द्र र तालिम केन्द्र साझेदारीमा सञ्चालित हुने तालिममा रोजगार सेवा केन्द्रले श्रमिकको दैनिक ज्याला अनुरुप भुक्तानि गर्नेछ ।

**२१. खरिद प्रकृया :**

(१)  तालिम सञ्चालनको लागि कच्चापदार्थ, तालिम सामाग्री, मेशिनरी खरिद गर्नु पर्दा सम्वन्धित पाठ्यक्रमा उल्लेखित मापदण्ड समेतलाई आधार मानी सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम निर्धारित प्रकृया पुरा गरी खरिद गर्नु पर्नेछ ।

(२)  आवश्यक परिमाण भन्दा बढी मेशिन, औजार, कच्चा पदार्थ वा तालिम सामाग्री खरिद गरि मौज्दात राखिने छैन ।

(३)  तालिममा प्रयोग हुने कच्चापदार्थ वा अन्य सामाग्रीहरु संभव र उपयुक्त भएसम्म स्वदेशी र स्थानीय नै खरिद गर्नु पर्नेछ ।

(४)  तालिममा उपलब्ध गराउन खरिद गरिएका सामाग्रीहरु, तिनको वितरण र ति सामाग्रीबाट उत्पादित मालसामानको लगत लिई छुट्टै जिन्सी खाता राखी आम्दानी, विक्री परिमाण, विक्रि रकम र सो रकम राजश्व दाखिला गरेको विवरण समेत देखिने गरी दुरुस्त अभिलेख राख्नु पर्नेछ ।

(५)  स्वीकृत कार्यक्रम अनुसार तालिम सञ्चालन गर्दा भौतिक प्रगति र वित्तीय प्रगति विच तालमेल मिल्ने गरी गर्नु पर्नेछ ।



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हौपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## परिच्छेद - ९
## विविध

**२२. सीप विकास तालिम तालिम केन्द्र प्रर्वद्धन समिति सम्बन्धी व्यवस्था :**

१) तालिम केन्द्र बाट सञ्चालन हुने व्यावसायिक तथा सीप विकास तालिम प्रवद्र्धन गर्न र तालिम सञ्चालन गर्ने निकायहरु बीच समन्वय कायम गर्न व्यावसायिक तथा सीप विकास तालिम केन्द्र प्रवद्र्धन समिति गठन गरिनेछ ।

२) नौगाड गाँउकार्यपालिमा देहायअनुसारका सीप विकास तालिम केन्द्र प्रर्वद्धन समिति गठन गरिनेछ ।

| | |
|---|---|
| गाँउपालिका अध्यक्ष | संयोजक |
| गाँउपालिका अध्यक्ष उपाध्यक्ष | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| अध्यक्षले तोकेका एक जना महिला सहित ३ जना | सदस्य |
| रोजगार संयोजक | सदस्य सचिव |

३) प्रर्वद्धन समितिको बैठकमा आवश्यकता अनुसार सम्वन्धित बिषय विज्ञलाई आमन्त्रित गर्न सकिनेछ ।

४) सीप विकास तालिम केन्द्र प्रर्वद्धन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

क) गरिबी निवारणको लागि सहायक सिद्ध हुने गरी रोजगारीका अवसरहरु सृजना गर्न आवश्यक तालिम कार्यक्रम कार्यवन्यन गर्ने ।

ख) रोजगारीका अवसरहरुमा गरिवहरुको पहुँच बढाउन आवश्यक कार्यक्रम तर्जुमा गर्न मार्गदर्शन गर्ने ।

ग) तालिम कार्यक्रमको प्रभावकारिता अभिवृद्धि तथा एकरुपता कायम गर्न आवश्यक समन्वय गर्ने ।



प्रमुख प्रशासकीय अधिकृत

घ) वैदेशिक रोजगारीको लागि आवश्यक र उपयूक्त वैदेशिक तालिमका विषयहरु र लक्षित समूहको पहुचँको व्यवस्ता गर्ने ।

ङ) सीपमूलक तथा उद्यमशीलता विकास तालिम सम्बन्धी नीति तयार गर्ने ।

च) सीपमूलक तथा उद्यमशीलता विकास तालिम कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गर्ने गराउने ।

छ) तालिम पश्चात रोजगारी/ वश्यक सहयोगात्मकस्वरोजगारी अपनाउन आ कार्य गर्ने।

ज) आयमूलक उद्यमशीलता विकास/सीपमूलक/तालिम कार्यक्रम सञ्चालन गर्ने शाखा तथा निकाय बीच समन्वय गर्ने ।

२३. **आचार संहिता बनाई लागू गर्ने :** तालिम सञ्चालनलाई व्यवस्थित गर्न आवश्यक पर्ने आचारसंहिता तालिम केन्द्रले तयार गरी लागू गर्नुपर्नेछ ।

२४. **सामान्य मार्गदर्शन :** तालिम केन्द्रवाट सञ्चालन हुने तालिम कार्यक्रम देहायका मार्गदर्शनको आधारमा प्रस्तावित र संचालित हुनेछन् :

क) विपन्न महिला, दलित, अपाङ्ग, द्वन्द पीडित व्यक्ति वा परिवार र सीप नभएका विपन्न युवा तथा सीप र आवश्यक स्रोत साधन समेत नभएका वेरोजगारहरुलाई स्वरोजगार तर्फ उत्प्रेरित गर्न, स्वदेशी र वैदेशिक श्रम वजारको माग अनुसार रोजगारीको लागि सीपयूक्त वनाउने तर्फ तालिम कार्यक्रम निर्देशित हुनेछन् ।

ख) सरकारी निकाय, गैर सरकारी संघ संस्था, नीजि क्षेत्र र अन्य निकायवाट सहज र न्यून लागतमा सञ्चालन भैरहेका तालिम र स्वरोजगार र रोजगारको लागि सम्भाव्य नभएका तालिम सञ्चालन गरिने छैन ।

ग) स्वीकृत वार्षिक कार्यक्रम र वजेटको परिधि भित्र रहि कार्यक्रम प्रस्ताव र सञ्चालन हुनेछन्।

घ) तालिम केन्द्रबाट प्रदान गरिने तालिम संख्यात्मक भन्दा रोजगार, स्वरोजगार र वैदेशिक रोजगारीका लागि सीपयुक्त जनशक्ति तयार गर्न गुणात्मक पक्ष तर्फ लक्षित हुनेछ ।



प्रमुख प्रशासकीय अधिकृत

बौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**२४. निर्देशिकाको व्याख्या तथा थप व्यवस्था :**

१) यो कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा पर्न गएमा सो विषयमा सीप विकास तालिम केन्द्र प्रर्वद्धन समितिले निर्णय गरे बमोजिम हुनेछ ।

२) यो कार्यविधिमा उल्लेख नभएका विषयमा सीप विकास तालिम केन्द्र प्रर्वद्धन समिति निर्णय र निर्देशन बमोजिम हुनेछ ।

**२५. आवश्यक संशोधन र थपघट गर्न सकिने :**

(१) यो कार्यविधि मा रहेका प्रावधानहरुमा आवश्यक थपघट वा संशोधन गर्नुपरेमा सीप विकास तालिम केन्द्र प्रर्वद्धन समितिको सिफारिसमा गाउँकार्यपालिकाको निर्णयमा संशोधन गर्नुपर्नेछ।

(२) तालिम कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने अन्य कार्य/प्रकृया प्रचलित कानून र यस कार्यविधिको अधिनमा रहि तालिम केन्द्रले तयार गरि गाउँकार्यपालिका स्वीकृति लिई लागू गर्न सकिनेछ ।

**२६. खारेजी र बचाउ :** यस कार्यविधिमा उल्लेख भएका कुनै पनि बुँदा संघिय तथा प्रदेश कानुन संग बाझिएका स्वतः खारेजी भई संघिय तथा प्रदेश कानुन बमोजिम हुनेछ ।



प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-१

(दफा (१०) को उपदफा (४) को खण्ड (छ) संग सम्बन्धित)

नौगाड गाउँपालिका

सीप विकास तालिम केन्द्र तालिमका विषयहरु

| क्र.सं. | तालिमका क्षेत्रहरु | बिषयहरु |
|---|---|---|
| १ | निर्माण क्षेत्र | मेसन, स्काफोल्डिङ्ग, सटरिङ्ग कार्पेन्ट्री, स्टिल फिक्स्चर ग्याबिनजाली बुनकर, सडक मर्मत तथा सम्भार, मेसन (Brick Layer and Stone Layer) |
| २ | कृषि क्षेत्र | तरकारी खेती, नगदे वाली, कृषिजन्य पदार्थको प्रशोधन, खाद्य सामग्री उत्पादन, च्याउ खेती, मौरी पालन, बंगुर पालन, कुखुरा पालन, जडिबुटि खेती, जडिबुटि प्रशोधन, अल्लो प्रशोधन, हाते कागज निर्माण |
| ३ | सेवा क्षेत्र | प्लम्बिङ्ग, विद्युत जडान, अटोमेकानिक्स, मोटरसाईकल मर्मत, ब्यूटी पार्लर, सेक्युरिटी गार्ड, ड्राईभिङ्ग, केयर गिभर, जनरल मेकानिक्स, वेल्डिङ्ग, इलेक्ट्रोनिक्स मर्मत (मोवाइल, टि.भि. आदि), कम्प्यूटर, इन्भर्टर निर्माण, मर्मत, सेक्रेटरी |
| ४ | कला क्षेत्र | मूर्तिकला, वेतवांस, वुड कार्भिङ्ग, स्टोन कार्भिङ्ग, छवाली कला, कपडामा जरी भर्ने र पेन्टिङ्ग गर्ने, माला, थैली, पर्स बनाउने, पेन्टिङ्ग, फोटो फ्रेम लेमिनेशन, पोते माला, सजावटका सामान उत्पादन गर्ने |
| ५ | पर्यटन क्षेत्र | कुक, वेटर/वेट्रेस, हाउस किपिङ्ग, केयर गिभर, हाउस मेड, बारमैन, सेल्स पर्सन, फ्रन्ट अफिस मेनेजमेन्ट |
| ६ | होजियारी तथा तयारी पोशाक | सिलाई कटाई, ढाका बुनाई, गार्मेन्ट्स, गलैंचा, राडी पाखी बुनाई, इम्ब्रोईडरी, फेशन डिजाइन, बक्रम बनाउने |
| ७ | खाद्य सामग्री प्रशोधन | कुकिज, पाउरोटी, जुस, बिस्कुट, अचार, सस बनाउने, जाम बनाउने |
| ८ | अन्य क्षेत्र | मैनबत्ती, अगरबत्ती, खाम बनाउने, ब्रिकेट निर्माण, प्लाष्टिक मोल्डिङ्ग, बुक बाइण्डिङ्ग, आदि |

नोटः समयक्रम र प्रविधि अनुकूल बजार मागमा आधारित तालिमका विषयहरुलाई कार्यक्रम तर्जुमा गर्दै औचित्य सहित अनुसूचीमा समावेश गर्न सकिनेछ ।



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## अनुसूची-२

(दफा (१४) को उपदफा (१) संग सम्बन्धित )

नौगाड गाउँपालिका

सीप विकास तालिम केन्द्र

आवेदन फाराम

पासपोर्ट आकारको फोटो

श्री ..............................

.................................... ।

महोदय,

त्यस तालिम केन्दबाट मिति ...................... मा प्रकाशित सूचना अनुसार सञ्चालन गरिने ...................... विषयको सीपमूलक/उद्यमशीलता विकास तालिममा सरिक हुने इच्छा भएकोले निम्नानुसार व्यक्तिगत विवरण भरी नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, पहिचान पत्रको प्रतिलिपी र ............ उत्तिर्णको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी सहित यो निवेदन पेश गरेकी/गरेको छु ।

१. निवेदनको नाम, थरः

२. निवेदकको ठेगानाः

(क) स्थायी ठेगानाः

(ख) अस्थायी ठेगानाः

(ग) संपर्क टेलिफोन नं.

(घ) इमेलः

३. उमेर : .............वर्ष ४. लिङ्ग : पुरुष / महिला

५. बैवाहिक स्थिति : विवाहित/अविवाहित/एकल

६. शैक्षिक योग्यता :

७. परिवारको किसिम र संख्या : एकल/संयुक्त, ...... जना

८. हालको पेशा :

९. परिवारको आय आर्जनको मुख्य श्रोत :

१०. पारिवारिक स्वामित्वमा रहेको जग्गा र ठेगाना :

११. परिवारको अन्दाजी बार्षिक आम्दानी रु :



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदुरपश्चिम प्रदेश, नेपाल

१२. यस भन्दा अघि कुनै तालिम लिनु भएको छ    छैन ? यस अघि तालिम लिएको भए,

- तालिमको विषयः ........................
- तालिमको अवधिः .........................
- तालिम लिएको मितिः .........................
- तालिम दिने संस्था :.........................
- प्राप्त तालिमको उपयोग स्थिति :.........................
- स्वारेजगारी :.........................
- रोजगारी ज्याला रोजगारीः .........................
- घरायसी प्रयोजनमा सिमित :.........................
- सदुपयोग छैन : .........................

१३. तालिम विना कुनै सीप  जानेको भए सो सीपको व्यावसायिक उपयोग भएको छ ? उपयोग भएको भए सो को अवस्था :

- स्वरोजगारी
- ज्याला रोजगारी
- घरायसी प्रयोजनमा उपयोग
- व्यबसायिक उपयोग छैन ।

१४. यो तालिम लिन चाहनुको कारण :

तालिम पश्चात सीप अनुरुपको उद्यम/व्यवसाय गर्ने दृढ निश्चय गरेको छु ।

.........................
आवेदकको सही
मितिः



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**अनुसूची-३**

(दफा (१४) को उपदफा (११) संग सम्बन्धित )

नौगाड गाउँपालिका

सीप विकास तालिम केन्द्र

**प्रमाणपत्र नमुना**

---

**नौगाड गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

# सीप बिकास तालिम केन्द्र

**होपरीगाड, दार्चुला**

पासपोर्ट साईजको फोटो

**प्र.प.द.नं.-**

## आधारभूत तह तालिम प्रमाण पत्र

**नौगाड गाउँपालिका, सीप बिकास तालिम केन्द्र केन्द्र प्राबिधिक सहयोगमा आ.ब................ मा मिति ................................ देखी मिति.......................... सम्म संचालित..................................का प्रशिक्षार्थी दार्चुला जिल्ला नौगाड गाउँपालिका वडा नं ......................... बस्ने तपाई श्री/श्रीमती.......................................लाई स-धन्यवाद यो प्रमाण-पत्र प्रदान गरिएको छ ।**

| ..................... | ..................... | ..................... | ..................... | ..................... |
|---|---|---|---|---|
| तालिम प्रशिक्षक | सीप बिकास तालिम केन्द्र<br>नौगाड गाउँपालिका | प्रमुख प्रशासकीय अधिकृत<br>नौगाड गाउँपालिका | उपाअध्यक्ष<br>नौगाड गाउँपालिका | अध्यक्ष<br>नौगाड गाउँपालिका |



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**अनुसूची–४**

(दफा (१८) को उपदफा (१) संग सम्बन्धित)

नौगाड गाउँपालिका

सीप बिकास तालिम केन्द्र

तालिमको अनुमानित खर्च (लागत अनुमान) विवरण

तालिमको बिषयः.......................................................................

प्रशिक्षार्थि संख्या :

| सि.नं | विवरण | दर | परिमाण | कूल खर्च रु |
|---|---|---|---|---|
| १ | प्रशिक्षकको पारिश्रमिक | | | |
| २ | प्रशिक्षण सामग्री खर्च<br>सामग्रीहरु | | | |
| ३ | मेशिनरी औजार भए (मर्मत संभार खर्च): | | | |
| ४ | संस्थाको आफ्नो प्रशासनिक खर्चः<br>क) स्टेशनरी<br>ख) विजुली<br>ग) टेलिफोन, फ्याक्स<br>घ) इन्धन<br>ङ) घर/कोठा भाडा | | | |
| ५ | सूचना प्रकाशन एवं प्रशिक्षार्थी छनौट खर्चः<br>क) सूचना प्रकाशन खर्च (राष्ट्रिय तथा स्थानीय स्तरको पत्रिकामा प्रकाशित | | | |



प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | गर्ने भए)<br>ख) प्रशिक्षार्थी छनौट खर्च | | | |
| ६ | यातायात (भ्रमण एवं सम्पर्क) खर्च रु. | | | |
| ७ | कार्यक्रम उद्घाटन, प्रमाणपत्र निर्माण/ कार्यक्रम खर्च र प्रमाण पत्र वितरण | | | |
| ८ | प्रतिवेदन निर्माण खर्च | | | |
| जम्मा | | | | |

............................ ............................ ............................

तयार गर्ने जाँच/पेश गर्ने स्वीकृत गर्ने



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**अनुसूची ५**

(दफा (१४) को उपदफा (१३) संग सम्बन्धित)

नौगाड गाउँपालिका

सीप विकास तालिम केन्द्र तालिम सम्पन्न प्रतिवेदन

१. तालिमको बिषय :

२. तालिमको उद्देश्य :

३. तालिम सञ्चालित स्थान :

४. तालिमको अवधि :

५. तालिम सञ्चालित मिति ..................देखि.................. सम्म

६. तालिम सञ्चालनमा सम्वद्ध निकायहरु :

७. प्रशिक्षकको नाम र ठेगाना :

८. तालिम प्रकृया :

९. सहभागीहरुको बिवरण :

| क.सं. | नाम, ठेगाना | उमेर | लिङ्ग | | शैक्षिक योग्यता | हाजिरी दिन | सम्पर्क मो.न. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |

१०. उपलव्धिहरु :

११. तालिमबाट उत्पादित सामानको विवरण र अवस्था :

१२. प्रशिक्षकबाट सहभागीहरुको मूल्यांकन :



प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

१३. तालिम खर्च संबन्धि बिवरण :

१४. तालिमको क्रममा सृजित मुद्धाहरु

१५. तालिम मूल्यांकन

१६. सुधारका सुझावहरु (कार्य योजना सहित) :

पेश गर्ने | स्वीकृत गर्ने

नामः
दस्तखतः
मितीः

आज्ञाले,
पुष्कर सिह धामी
प्रमुख प्रशासकीय अधिकृत



प्रमुख प्रशासकीय अधिकृत